गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल

# जनस्वास्थ्य बुलेटिन

वर्षः ४ | अंकः ३० | महिनाः ३० | साउन २०८३

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा साउन महिनामा सम्पादित कार्यक्रम

### आर्थिक वर्ष २०८३/८४ को पहिलो कर्मचारी बैठक

मिति २०८३/०४/०१ गते प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको आर्थिक वर्ष २०८३/८४ को पहिलो नियमित कर्मचारी बैठक कार्यालय प्रमुख **श्री बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा** सम्पन्न भएको थियो। बैठकमा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो। बैठकमा नयाँ आर्थिक वर्षका लागि कार्यालयले सञ्चालन गर्ने स्वास्थ्य कार्यक्रमहरू, वार्षिक योजना तथा कार्ययोजना, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन प्रणाली र कार्यालयका प्रशासनिक विषयहरूमा छलफल गरिएको थियो। साथै तोकिएका जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पादन गर्न आपसी समन्वय, सहकार्य, जिम्मेवारीबोध, पारदर्शिता तथा जवाफदेहितालाई थप सुदृढ गर्ने विषयमा समेत छलफल भएको थियो।
















## मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्धन सम्बन्धि भर्चुवल वैठक

मिति : २०८३।०४।०१ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्थानिय तहहरुको स्वास्थ्य शाखा प्रमुखहरु सगँ मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्धन सम्बन्धि भर्चुवल वैठक कार्यालय प्रमुख बद्रीराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । भर्चुवल सेसनमा जिल्ला र स्थानिय तहहरु वाट आर्थिक वर्ष २०८२।८३ मा सम्पन्न भएका मानसिक स्वास्थ्यका कार्यक्रमहरुको समिक्षा गरि आ.व २०८३।८४को कार्ययोजनाको लागि छलफल गरिएको थियो । वैठककमा जम्मा १५ जनाको उपस्थिति रहेको थियो जसको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको प.हे.न.नी सुमन शर्माले गर्नु भएको थियो । हाल देखा परेका आत्मदाह जस्ता घटना एवम मानसिक स्वास्थ्य सम्बन्धि विविध प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवा लाई प्रभावकारी ढंगले संचालन गर्ने उदेश्यले वैठक संचालन गरिएको थियो ।







## मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्धन सम्बन्धि सरोकारवलाहरु सगँको बैठक

मिति : २०८३।०४।०६ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा श्रीमान प्रमुख जिल्ला अधिकारी लक्ष्मी प्रसाद पौडेल ज्यूको अध्यक्षतामा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्धन सम्बन्धि सरोकारवलाहरु सगँको बैठक सम्पन्न भएको थियो । वैठकमा जिल्ला र स्थानिय तहहरु वाट आर्थिक वर्ष २०८२।८३ मा सम्पन्न भएका मानसिक स्वास्थ्यका कार्यक्रमहरुको समिक्षा गरि आ.व २०८३।८४को कार्ययोजना र सरोकारवला निकाएको भुमिका वारे छलफल गरिएको थियो । वैठकमा सरकारी कार्यालयका कार्यालय प्रमुख र प्रतिनिधिहरु सहित जम्मा ४२ जनाको उपस्थिति रहेको थियो जसको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्यले गर्नु भएको थियो । हाल देखा परेका आत्मदाह जस्ता घटना एवम मानसिक स्वास्थ्य सम्बन्धि सचेतनात्मक कार्यक्रम संचालन गर्ने उदेश्यले वैठक संचालन गरिएको थियो





## स्वास्थ्य कार्यक्रमहरूको अनुगमन, छलफल तथा आवश्यक निर्देशन

मिति २०८३।०४।१४ गते श्रीमान् सचिव डा. युवानिधि बसौला र कम्युनिटी नर्सिङ अधिकृत अनुराधा तिम्सिनाज्यूको पर्वत जिल्लामा आगमन, स्वास्थ्य कार्यक्रमहरूको अनुगमन, छलफल तथा आवश्यक निर्देशनका साथै हामीलाई आत्मीय रूपमा भेटघाट गर्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दछौं।






## माननीय स्वास्थ्य मन्त्री ज्यू र श्रीमान् सचिवज्यूले वर्थीङ सेन्टरको अनुगमन गरि आवश्यक निर्देशन

मिति **२०८३।०४।२१ गते** गण्डकी प्रदेश सरकारका **माननीय स्वास्थ्य मन्त्री श्री लक्ष्मण बहादुर पाण्डे ज्यू** तथा **श्रीमान् सचिव डा. युवानिधि बसौला ज्यू**बाट कुश्मा नगरपालिका अन्तर्गत रहेको **कुश्मा स्वास्थ्य चौकीको बर्थिङ सेन्टरको अनुगमन** सम्पन्न भएको थियो। अनुगमनका क्रममा बर्थिङ सेन्टरबाट प्रदान हुँदै आएका मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको अवस्था, सेवा प्रवाह, उपलब्ध औषधि तथा उपकरण, भौतिक पूर्वाधार, सरसफाइ तथा संक्रमण रोकथामका अभ्यासहरू लगायतका विषयमा जानकारी लिनुका साथै प्रत्यक्ष अवलोकन गरिएको थियो। माननीय मन्त्रीज्यू तथा सचिवज्यूबाट बर्थिङ सेन्टरको सेवा प्रवाहलाई थप **गुणस्तरीय, सुरक्षित, प्रभावकारी तथा सेवाग्राहीमैत्री** बनाउन आवश्यक सुधारका विषयमा मार्गदर्शन तथा महत्वपूर्ण निर्देशनहरू प्रदान गर्नुभएको थियो। उक्त अनुगमनले बर्थिङ सेन्टरबाट प्रदान हुँदै आएको मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न थप प्रेरणा र मार्गदर्शन प्रदान गरेको छ। यस महत्वपूर्ण अनुगमनका लागि **गण्डकी प्रदेश सरकारका माननीय स्वास्थ्य मन्त्री श्री लक्ष्मण बहादुर पाण्डे ज्यू तथा श्रीमान् सचिव डा. युवानिधि बसौला ज्यूलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।** उहाँहरूबाट प्राप्त निर्देशन, सुझाव र मार्गदर्शनलाई आगामी दिनमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा निरन्तर प्रतिबद्ध रहनेछौं।









## एम्बुलेन्स सन्चालन तथा ब्यावस्थापन समितिको वैठक

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा श्रीमान प्रमुख जिल्ला अधिकारी लक्ष्मी प्रसाद पौडेल ज्युको सयोजकत्वमा मिति २०८३/४/६ र मिति २०८३/४/२१ गते एम्बुलेन्स सन्चालन तथा ब्यवस्थापन समितिको वैठक सम्पन्न भयो ।वैठकमा जिल्ला भित्र सन्चालनमा रहेका सम्पूर्ण एम्बुलेन्स हरूको भाडा समायोजन का साथै पर्वत अस्पताल का लागि नया एम्बुलेन्स सिफारिस समेत निर्णय गरीएको थियो ।

## स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारीहरु सगँ PRTP कार्यक्रमको वारेमा भर्चुवल वैठक

मिति : २०८३।०४।१४ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्थानिय तहहरुको स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारीहरु सगँ गर्भवती दर्ता तथा अनुगमन(PRTP) सम्बन्धि भर्चुवल वैठक कार्यालय प्रमुख बद्रीराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । वैठककमा जम्मा १० जनाको उपस्थिति रहेको थियो जसको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको प.हे.न.नी सुमन शर्मा र मेडिक मोवाईलका प्रोग्राम अफिसर नारायण रिजालले गर्नु भएको थियो ।







## स्वागत कार्यक्रम

**मिति २०८३।०४।२१ स्वागत कार्यक्रम एकीकृत सेवा कार्यालय, पर्वत वाट सरुवा भई आउनुभएको सहायक प्रशासकिय अधिकृत श्री बालकृष्ण घिमिरे ज्यू लाई प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतमा हार्दिक स्वागत गर्दछौं। यहाँको कार्यकाल सफल, उपलब्धिमूलक र सृजनशील रहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।**






# चेतनामूलक सामग्रीहरु





















# चेतनामूलक सामग्रीहरु






# विद्यालय स्वास्थ्य शिक्षा

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत तथा जिल्लाका सम्पूर्ण स्थानीय तह र स्वास्थ्य संस्थाको सहकार्यमा संचालन भइरहेको "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" अभियान अन्तर्गत २०८३ साउन महिनाको लागि २ विषय मध्ये पहिलो विषय स्तनपान र Implant (3 Years Effectiveness) - LEVOPLANT सँग सम्बन्धित रहेर तयार गरिएको स्वास्थ्य शिक्षा सामाग्री









# पर्वत जिल्लाका स्थानीय तहद्वारा साउन महिनामा सम्पादित कार्यक्रम

## कुश्मा नगरपालिका

१. स्तनपान सप्ताह १७ वटै स्वास्थ्य संस्था बाट विभिन्न कार्यक्रम गरि मनाईएको।

२. PAMS V 2 को तालिम सबै संस्थाको स्टोर हेर्ने कर्मचारीका लागी सम्पन्न।

३. मानसिक स्वास्थ्य सम्बन्धी समुदाय तथा बिद्यालयहरूमा सचेतना/ स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।

४. वडाहरूमा डेगी रोग सम्बन्धी सचेतना एव अभिमुखिकरण कार्यक्रम सम्पन्न।

## पैयुँ गाउँपालिका

१ स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।

२. गर्भवतीहरुसंग RoUSG कार्यक्रम सम्पन्न।

३. सबै स्वास्थ्य संस्थाहरूवाट स्तनपान सप्ताहको अवसरमा समुदायमा स्वास्थ्य शिक्षा प्रदान गर्ने कार्यक्रम सम्पन्न।

४. समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धि स्वाथ्य शिक्षा प्रदान गर्ने कार्यक्रम सम्पन्न।

## मोदी गाउँपालिका

१. मिति २०८३ श्रावण ७ स्वास्थ्य चौकी प्रमुख तथा स्वास्थ्य तथा जनसङ्ख्या उपशाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक पर्यटन सम्पन्न भएको छ।

२. आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका स्वास्थ्यका कार्यक्रमहरूको डाटा रोजु तथा भेरिफिकेसन गर्ने कार्य सम्पन्न भएको छ।

३. प्रहरी चौकी देवपुर डिम्बुवाको आयोजना तथा मोदी गाउँपालिकाको समन्वयमा मिति २०८३ साउन २५ गते उक्त प्रहरी चौकीमा कार्यरत कर्मचारीहरूलाई एक दिने प्राथमिक उपचार तथा व्यवस्थापनबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भयो।

४. मुख स्वास्थ्य कार्यक्रम (दन्त सेवा) अन्तर्गत साउन महिनामा २२ महिला १३ पुरुष गरी जम्मा ३५ जनाले सेवा लिनुभएको छ।

५. ग्रामीण अल्ट्रासन कार्यक्रम अन्तर्गत २०८३ साउन महिनामा जम्मा तीनजना गर्भवती महिलाहरूले अल्ट्रा साउन्ड सेवा लिनुभएको छ।

## विहादी गाउँपालिका

१) स्वास्थ्य कार्यक्रमको नियमित मासिक प्रगति समिक्षा बैठक तथा डाटा भेरिफिकेशन गोष्ठी सम्पन्न ।

## महाशिला गाउँपालिका

१. नियमित मासिक बैठक तथा तथा डाटा भेरिफिकेसन सम्पन्न

२.किशोरी आइरन कार्यक्रम संचालन ।

३. स्तनपान सप्ताह समुदाय स्तरमा कार्यक्रम गरि सम्पन्न ।

४.मानसिक स्वास्थ्य सम्वन्धी विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।

## जलजला गाउँपालिका

१.स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन तथा भ्यालीडेशन

२. जलजला आधारभुत अस्पताल संचालनको लागि आवश्यक सामान र औषधी खरिद प्रक्रिया सुरु

३.स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरि मनाईएको।

४. मानसिक स्वास्थ्य सम्वन्धी समुदायमा सचेतना कार्यक्रम संचालन ।



| फलेवास नगरपालिका |
|---|

१.नियमित तथ्यांकको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन तथा भ्यालीडेशन कार्य सम्मन्न भएको छ।

२.२०८३/०४/०६ गते स्वास्थ्य संस्थाका प्रमुखहरुबीच मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

३. डेंगीको बासस्थान खोजी लार्भा नष्ट गर्ने अभियान सम्पन्न भएको छ।


४. स्तनपान सप्ताह विभिन्न कार्यक्रमहरु गरि सम्पन्न भएको छ।

५. वडा नं ६,७,र ८ मा विधालयमा अध्ययनरत छात्रछात्राहरुलाई मनोसामाजिक परामर्शकर्ताद्वारा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

६. नगरस्तरीय वार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्य कार्यक्रमको वार्षिक प्रगति प्रस्तुति तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।

**प्रकाशित मिति: २०८३ भदौ २ गते**





विश्व अङ्गदान दिवस
१३ अगष्ट २०२६
अङ्गदान गरौं, जीवन बचाऔं
तपाईको एक निर्णयले धेरै जीवनमा नयाँ आशा दिन सक्छ।
एक अङ्गदाताबाट बच्न सक्छन् ८ जीवन
मुटु — १ जना
फोक्सो — २ जना
कलेजो — १ जना
मिर्गौला — २ जना
प्याङ्क्रियाज — १ जना
सानो आन्द्रा — १ जना
कसले अङ्गदान गर्न सक्छ?
मृत्यु ब्रेन डेथ
(मस्तिष्क मृत्यु) अवस्थामा
जो कोही पनि —
उमेर, लिङ्ग , धर्मको
भेदभाव बिना
मृत्यु पछि पनि जीवनदान सम्भव छ
मृत्यु पश्चात्
मुटु, फोक्सो, कलेजो,
मिर्गौला, प्याङ्क्रियाज
तथा अन्य तन्तुहरू
दान गर्न सकिन्छ।
आजै संकल्प गरौं
परिवारसँग कुरा गरौं
इच्छा दर्ता गरौं
अङ्गदानबारे सचेतना फैलाऔं
एक महान निर्णय, अनेक जीवनको आशा।
अङ्गदान गरौं
जीवन अमर बनाऔं।
नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र



रेबिजबाट बचौं
टोकाई हुन नदिनु नै सबैभन्दा राम्रो सुरक्षा
सुरक्षित व्यवहार अपनाऔं, सतर्क रहौं, स्वस्थ रहौं
कुकुर वा अन्य जनावरसँग सुरक्षित व्यवहार अपनाऔं:
अपरिचित वा छाडा कुकुरको धेरै नजिक नजाऔं र सुरक्षित दुरी कायम गरौं।
कुकुरलाई जिस्क्याउने, ढुङ्गा हान्ने, लखेट्ने वा खाना खाइरहेको, सुतिरहेको वा बच्चासँग रहेको बेला नजिक जाने काम नगरौं।
बालबालिकालाई जनावरसँग सुरक्षित व्यवहार गर्न सिकाऔं र साना बालबालिकालाई छाडा कुकुरसँग एक्लै खेल्न नदिऔं।
आफ्ना पाल्तु कुकुरलाई नियमित रुपमा रेबिजविरुद्ध खोप लगाऔं र जिम्मेवारीपूर्वक पालनपोषण गरौं।
कुनै पनि कुकुर वा अन्य शंकास्पद जनावरले टोके, चिथोरे वा चाटेको अवस्थामा:
1
तुरुन्त घाउलाई साबुन र सफा बग्ने पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धुनुहोस्।
SOAP
15
मिनेट
2
दिलाइ नगरी नजिकको स्वास्थ्य संस्थामा पुगेर चिकित्सकको सल्लाहअनुसार उपचार तथा रेबिजविरुद्धको खोप सेवा लिनुहोस्।
स्वास्थ्य संस्था
सन्देश:
रेबिजबाट जोगिन सबैभन्दा राम्रो उपाय टोकाई हुन नदिनु हो।
सुरक्षित व्यवहार अपनाऔं, सतर्क रहौं,
र आवश्यक परे समयमै उपचार गरौं।
रेबिज एक शतप्रतिशत रोकथाम गर्न सकिने तर लक्षण देखिएपछि लगभग शतप्रतिशत घातक रोग भएकोले समयमै उपचार तथा खोप सेवा लिनु अत्यन्त आवश्यक छ।
नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र